नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## (प्रशासन तथा मानव संसाधन व्यवस्थापन शाखा)

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र सङ्ख्याः २०८३/८४
चलानी नम्बरः ३५६

सिंहदरबार, काठमाडौं।

मितिः २०८३/०५/११
नेपाल संवत् ११४६ गुंलाथ्व चतुर्दशी, विहिबार

**विषयः निर्देशन सम्बन्धमा ।**

श्री मातहतका निकायहरू (सबै),
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय ।

प्रस्तुत विषयमा मिति २०८३ भदौ १० गते बुधवारका दिन रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र पहिरोमा परी ज्यान गुमाउनु भएका सम्पूर्ण आमाबुवा, दाजु-भाई तथा दिदी-बहिनीहरूप्रति मन्त्रालय भावपूर्ण श्रद्धाञ्ली अर्पण गर्दछ । मृतक आत्माको चिरशान्तिको कामना गर्दै यस कठीन घडीमा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ । उक्त बाढी, पहिरोका कारण धनजन अपुरणीय क्षति भएको बेहोरा विदितै छ । रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायतका जिल्लाका प्रभावित बनेका तटीय क्षेत्रहरूमा हाल खोज, उद्धार, स्वास्थ्योपचार र राहतका कार्य भैरहेको हुँदा यस मन्त्रालय र अन्तर्गतका विभाग, अस्पताल, प्रतिष्ठानलगायतका निकायहरूमा कार्यरत पदाधिकारी र कर्मचारीहरूलाई मा. मन्त्रीज्यूको संयोजकत्वमा मिति २०८३।०५।११ गते बसेको उच्च व्यवस्थापन समूहको बैठकको निर्णयानुसार देहाय बमोजिमको निर्देशन तथा अनुरोध गरिन्छ:-

१. यस मन्त्रालय र मातहतका सबै कर्मचारीहरूलाई विपद् व्यवस्थापन नहुन्जेलसम्मका लागि विशेष कारण र अत्यावश्यक काममा बाहेक बिदा तथा काज स्वीकृत नगर्ने/नगराउने ।
२. "खोज, उद्धार तथा उपचारको सम्बन्धमा तोकिएका" सम्बन्धित निकायका प्रमुख, फोकल पर्सन र जिम्मेवार पदाधिकारीहरू बिदाका दिनमा समेत कार्यालयमा उपस्थित हुने। अन्य कर्मचारीहरू समेत कार्यालयबाट प्रदान गर्नुपर्ने सेवाका लागि तयारी अवस्थामा रहने ।
३. अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूले सार्वजनिक बिदाका दिनमा समेत बाढी पहिरो प्रभावित घाइतेहरुको उपचारको लागि सबै किसिमका आवश्यक व्यवस्था मिलाउने ।
४. विपद् प्रभावित क्षेत्रमा उपचार तथा सहयोगका लागि आ-आफ्नो तर्फबाट जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्ने ।

(पवित्रा ढकाल)
शाखा अधिकृत